नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

**(प्रथम पटक प्रकासित मिति २०६८।०९।०४)**

यस अस्पतालको A Block भवन पहिलो र दोश्रो तला थप गर्नको लागि पूर्व योग्यता छनौटको प्रस्तावको सूचना नागरिक राष्ट्रिय दैनिकमा ०६८।०७।०७ मा प्रकाशन गरी विक्री भएको प्रस्ताव १५ मध्ये १२ वटा दर्ता भै बोलपत्र मूल्यांकन समितिबाट छनौट भएका तपशिलका फर्महरुबाट रितपूर्वकको शिलवन्दी बोलपत्र (आर्थीक प्रस्ताव) माग गरिएको र सार्वजनिक खरीद नियमावली २०६४ को (तेश्रो संशोधन) २०६८ दफा ५४ (क) अनुसार सरोकारवालाहरुको लागि यो सूचना प्रकाशित गरएको छ । साथै यो सूचना यस अस्पतालको Web site http//eproc.bharatpurhospital.gov.np मा पनि हेर्न सकिनेछ ।

**शर्तहरु:**

१) वोलपत्र फारम यो सूचना प्रकासित भएको मितिले ४५ (पैतालिस) औ दिन भित्र बोलपत्र दस्तुर रु.६०००।- फिर्ता नहुने गरी दाखिला गरी यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न प्रकाशित सूचना मितिको ४५ औ दिन १७:०० वजेभित्र हुनेछ । साथै बोलपत्र खरीद गर्नको लागि निवेदकले आ.व.२०६८/६९ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र आयकर दर्ता प्रमाणपत्र तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र ०६६/०६७ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति संलग्न राखी वोलपत्र खरीद गर्न निवेदन पेश गर्नुपर्नेछ ।

२) खरीद भएको बोलपत्र सूचना प्रथम पटक प्रकाशित मितिले ४६ औ (छयालिसौ) औ दिनको १२:०० वजे भित्र बोलपत्र दाताले Bidding Document उक्त वेवसाइडमा गई PDF Format मा अपलोड गर्नु पर्नेछ र शिलवन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु ४६ (छयालिसौ) दिनको २:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिने छ। साथै बोलपत्र दाताले पासवर्ड उल्लेख नगरेमा यस कार्यालयको पासवर्डबाट खोल्न र प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट हुनेछ ।

३) सिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत बोलकवोल रकमको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुरमा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछी ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

४) बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ । वोलपत्र आर्थिक प्रताव शर्त रहित हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, रित नपुगेको,सूचनाका शर्त विपरीत भएको, बोलपत्र फाराममा सहिछाप नभएको, बोलपत्र माथी कारवाही हुनेछैन । साथै बोलपत्रको हाडकपी सक्कल र प्रतिलिपि फोटोकपी अलग अलग खाममा शिलवन्दी गरि एउटै खाममा पेश गर्नुपर्ने छ ।

५) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिको सिफारीसमा स्वीकृत गर्न सकिने छ । साथै बोलपत्रमा उल्लेखित परिमाणमा अस्पतालको माग अनुसार थपघट भएतापनि बोलपत्रदाताले कवोल गरेको दररेटमा कार्य उपलब्ध गराउनुपर्नेछ ।

६) प्रि विड मिटिङ सुचना प्रकाशित भएको मितिले ३० औ दिनको २:०० वजे निर्माण कार्य गर्ने इच्छुक निर्माण व्यवसायीहरुसँग निर्माण स्थल र प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यालयमा छलफल गर्न बैठकको आयोजना हुनेछ ।

७) बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्रको खाम बाहिर ठेक्का नं. र नाम स्पष्ट खोली पेश गर्नुपर्नेछ ।

८) बोलपत्र खरीद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझि भरेको मानिनेछ ।

९) संझौता गरी काम नगर्ने निमार्ण व्यवसायीलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१०) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

११) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

कार्यालयको नाम :- भरतपुर अस्पताल चितवन ।
कार्यालय कोड नं.:- ३५-३७०-०२
कार्यालय खाता नं.:- १-१-००१
राजश्व शिर्षक नं.:- १४२२७
बैंकको नाम:- रा.बा.बैंक.भरतपुर, चितवन

| सि.नं. | ठे.नं. | विवरण | बोलपत्र वा दरभाउपत्र दस्तुर | धरौटी रकम | खरीद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम म्याद | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १. | १५/६८/६९ | ए ब्लक भवनको पहिलो र दोश्रो तला थप कार्य | ६००० | कवोल अंकको ३ प्रतिशत | ४५ औ दिन १७ वजे | ४६ औ दिनको १२ वजे | ४६ औ दिनको २ वजे |

**तपशिल (पूर्व योग्यता/प्राविधिक प्रस्तावका छनोट भएको बोलपत्र दाताहरु)**

१) प्रेरा निर्माण सेवा प्रा.लि., सानेपा, ललितपुर ।
२) तुंदी कन्स्ट्रक्शन प्रा.लि., काठमाडौ ।
३) अनक (ANK) कन्स्ट्रक्शन प्रा.लि., काठमाडौ ।
४) युनाइटेड/डाँफे/महादेव खिम्ती जे.भी. काठमाडौ ।
५) आशिष निर्माण सेवा प्रा.लि.भरतपुर ।
६) चितवन को.ई./आर्दश जे.भी. काठमाडौ ।
७) रविना/रसुवा जे.भी. काठमाडौ ।
८) श्याम सुन्दर /लुम्बिनी जे.भी. काठमाडौ ।



मेडिकल सुपरिटेन्डेन्ट